# शाओमी प्याड ६ को नेपालमा प्रि–बुकिङ खुला

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११




ग्लोबल टेक्नोलोजी लिडर शाओमीले शाओमी प्याड ६ नेपालमा प्रि–बुकिङ खुला गरेको छ । कम्पनीले भदौ १५ गते नेपालमा सार्वजनिक गर्ने तयारीसहित सोमबारदेखि बिहीबारसम्म दराजमा यो फोनको प्रि–बुकिङ खुल्ला गरेको हो ।

यस्तै, शाओमीले प्याड ६ सँगसँगै शाओमी प्याड ६ किबोर्ड र शाओमी स्मार्ट पेन सेकेण्ड जेनेरेसन पनि नेपालमा सार्वजानिक गर्ने भएको छ । कम्पनीका अनुसार ११ इन्चको डिस्प्ले, क्वालकम स्न्यापड्रागन ८७०, १४४ हर्ट्ज रिफ्रेस रेट, ८८४० एमएएच ब्याट्री भएको शाओमी प्याड ६ को तौल केवल ४९० ग्राम र छ दशमलव ५१ मिलिमिटर चौडाइ रहेको छ । साथै, आईपी ५३ रेटेड भएकाले यसले कुनै पनि समस्याविना केही मात्रामा पानी र धुलो पनि ह्यान्डल गर्न सक्ने बताइएको छ । इमेल र कलजस्ता कामका लागि प्रयोग गर्न सकिने ट्याब्लेट खोजिरहेका व्यक्तिहरूका लागि शाओमी प्याड ६ एउटा कम्प्याक्ट अल–इन–वान सोलुसन समेत रहेको कम्पनीले जनाएको छ ।

शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर मनु मनस्वीका अनुसार शाओमी प्याड ६ को मूल भागमा शक्तिशाली स्न्याप्ड्रागन ८७० प्रोसेसर छ । स्न्याप्ड्रागन ८७० प्रोसेसरले मल्टिटास्किङ र एप म्यानेजमेन्टको सहज एग्जिक्युसन सुनिश्चित गर्नेछ । शाओमी प्याड ६ को स्ट्राइकिङ २७ दशमलव ९४ सेन्टिमिटर (११ इन्च) को डिस्प्लेमार्फत उत्तम भिजुअल ब्रिलियङ प्राप्त गर्न सकिने बताइएको छ । यस्तै, यसको १४४ हर्ज रिफ्रेस रेटले सहज एनिमेसन र ट्रान्जिसनको ग्यारेन्टी दिन्छ । साथै, यसमा ५५० निट्स (टिपिकल) सम्मको ब्राइटनेस रहेको छ । शाओमी प्याड ६ मा १३ एमपी रियर क्यामेरा र ८ एमपीको फ्रन्ट क्यामेरा रहेको छ ।

शाओमी प्याड ६ नेपालमा मिस्ट ब्लू र ग्रेफाइट ग्रे गरी दुई रंगहरूमा दुईवटा स्टोरेज भेरियन्टहरूमा ६ + १२८ जीबी र ८+२५६ जीबीमा उपलब्ध हुने कम्पनीले जनाएको छ । नेपालमा शाओमी प्याड ६ को ६+१२८ जीबी भेरियन्टको मुल्य ३९ हजार नौ सय ९९ रूपैयाँ र ८+२५६ जीबी भेरियन्टको मूल्य ४३ हजार नौ सय ९९ रूपैयाँ तोकिएको छ ।

# पञ्चकन्या ग्रुपद्वारा रक्तदान




■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

पञ्चकन्या ग्रुपले रक्तदान कार्यक्रमको आयोजना गरेको छ । आफ्नो ५१औँ वार्षिकोत्सव मनाउने क्रममा कम्पनीले सोमबार ललितपुरमा नेपाल रेडक्रस सोसाइटी, ललितपुर रक्तसञ्चार केन्द्र, पुल्चोकको सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

उक्त रक्तदानमा ३३ जनाले रक्तदान गरेका थिए । पञ्चकन्या ग्रुपले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत वार्षिकरूपमा निरन्तर रक्तदान कार्यक्रम गरी सो कार्यक्रमलाई मुख्य प्राथमिकतामा राख्दै आएको जनाएको छ । कार्यक्रमा ग्रुपका सञ्चालकहरू, केन्द्रीय कार्यालय तथा ग्रुपअन्तर्गतका सिस्टर्स कन्सर्न उद्योगमा कार्यरत कर्मचारी र ग्रुपसँग आबद्ध शुभचिन्तकहरू सहभागी थिए ।

# अग्रवाल सेवा समितिको अध्यक्षमा गिरीधारी

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११



अग्रवाल सेवा केन्द्रको १७ औँ वार्षिक साधारणसभाले गिरीधारी अग्रवालको अध्यक्षतामा ४५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । नयाँ कार्यसमितिको उपाध्यक्षमा सुनिलकुमार धानुका, सुबोधकुमार गाडिया र रमेशकुमार अग्रवाल चयन भएका छन् ।

यस्तै, मानार्थ उपाध्यक्षमा सुमितकुमार अग्रवाल र राम अवतार टाइवाला निर्वाचित भए । १२ सदस्यीय पदाधिकारीको महासचिवमा पंकज जलान, कोषाध्यक्ष अरूण डोकानियाँ र सचिवमा भरतकुमार सुद्रानिया एवम् श्यामसुन्दर सुल्तानिया चयन भएका छन् ।

यस्तै, सहकोषाध्यक्ष ऋषिकुमार अग्रवाल चयन भएका छन् । अग्रवाल सेवा समाजले सामाजिक र धार्मिक क्षेत्रमा विभिन्न कामहरू गर्दै आएको छ । समाजले भूकम्प प्रभावित जिल्लामा भवन निर्माणमा उल्लेख्य योगदान गरेको थियो ।

# नेत्रज्योति संघ र कतार च्यारिटीबीच सम्झौता

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ११

नेपाल नेत्रज्योति संघ र कतार च्यारिटीका बीच सम्झौता भएको छ । आँखा स्वास्थ्य क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको संघले जनाएको छ । सोमबार दुई संस्थाबीच नेत्रज्योति भवनमा भएको सम्झौतापत्रमा संघका तर्फबाट अध्यक्ष प्राडा चेतराज पन्त र महासचिव भरतबहादुर चन्द तथा कतार च्यारिटीका तर्फबाट कन्ट्री डाइरेक्टर मोहम्मद बकास र कार्यक्रम व्यवस्थापक इरसाद अलि शेखले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार बाँके, कपिलवस्तु, रौतहट, सुनसरी र सर्लाही जिल्लाका ग्रामीण क्षेत्रका नागरिकलाई लक्षित गरी आँखा शिविरको आयोजना गरी दुई हजार दुई सय मोतियाविन्दुका बिरामीहरूको निःशुल्क शल्यक्रिया गरिने संघले जनाएको छ । आँखा शिविर तथा शल्यक्रियाका लागि आर्थिक सहयोग कतार च्यारिटीले गर्नेछ भने प्राविधिक सहयोग संघले गर्ने बताइएको छ ।




सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा संघका कार्यकारी निर्देशक डा.शैलेशकुमार मिश्रले कतार च्यारिटीजस्तै दातृ निकायको सहयोग र सहकार्यमा सन् २०३० सम्ममा नेपालबाट उपचारपछि निको हुने अन्धोपन निवारण हुने विश्वास व्यक्त गरे ।

त्यस्तै, कतार च्यारिटीका कन्ट्री डाइरेक्टर मोहम्मद बकासले च्यारिटीले विगत पाँच वर्षदेखि शिक्षा, स्वास्थ्य, खानपानी र जीविकोपार्जन क्षेत्रमा कार्य गर्दै आइरहेको र स्वास्थ्य क्षेत्रमा मोतियाविन्दुको सर्जरीमार्फत दृष्टि पुनर्स्थापनाका लागि संघसँग यो सम्झौता गरिएको जानकारी दिए । यसबाट दुई हजारभन्दा बढी बिरामीहरू प्रत्यक्षरूपमा लाभान्वित हुने उनले बताए । अहिले पनि नेपालको आँखा उपचार सेवा सस्तो र गुणस्तरीय भएकाले विभिन्न देशका नागरिकहरू नेपालमा आँखा उपचार गराउन आइरहेको संघका महासचिव भरतबहादुर चन्दले बताए । नेपाललाई आँखा उपचारको पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित संघले आफ्ना कार्यक्रमहरू अगाडि बढाइरहेको उनको भनाइ थियो । कार्यक्रममा संघका अध्यक्ष पन्तले यो सहकार्यले आर्थिक अभावकै कारण आँखा उपचारबाट बन्चित नागरिकहरूले निःशुल्क आँखा उपचार प्राप्त गर्न सक्ने बताए ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/१२

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८०/०३ /२२ मा प्रकाशित सूचना अनुसार रितपुर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/ WORK/079/80-11 | Construction of 3-C-12 Block School Building of Janak Ma. Vi. | श्री Kalinag-Platinum JV., कागेश्वरी मनोहरा - ७, काठमाण्डौं | रु. १,७०,२६,११४।९७ |

## लुम्बिनी साँस्कृतिक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश नेपाल

### माछा पोखरी ठेक्का लगाउने सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मिति : २०८०।०५।१२

यस लुम्बिनी साँस्कृतिक नगरपालिकाका विभिन्न वडा अन्तर्गत रहेका माछा पोखरीहरुको ठेक्का २ बर्षको अवधिलाई लगाउने नगरपालिकाको निर्णय अनुरुप यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक किसानहरुले आफ्नो नागरिकताको प्रतिलिपी तथा फर्महरुले फर्म दर्ता प्रमाणपत्र, आ.व. ०७९।८० को कर चुक्ता प्रमाणपत्र, नविकरण गरेको प्रमाणपत्र, तथा कागजात सहित २०८०।०५।१८ गते कार्यालय समय भित्र तपसिलको शर्तको अधिनमा रही यस नगरपालिकामा आई दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

- दरभाउपत्र खरिद गर्दा रु १००० तिरी यस नगरपालिकाको राजश्व शाखाबाट रसिद काट्नु पर्नेछ । रित पुर्वक कागजात सहित आएकालाई मात्र दर भाउपत्र उपलब्ध गराईनेछ । दरभाउपत्र फाराम यस नगरपालिकाको पशु सेवा शाखाबाट उपलब्ध गराईनेछ ।
- दरभाउपत्र पेश गर्दा नगरपालिकाको न्युनतम दररेट भन्दा कम पेश गर्न पाईने छैन ।
- आफुले कबोल गरेको अङ्क स्पष्ट रुपमा अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
- आफुले कबोल गरेको अङ्कको ३ प्रतिशत धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैङ्क लुम्बिनी शाखामा रहेको धरौटी खाता न ०४१४९०११४५७३३०१३ मा जम्मा गरेको बैङ्क भौचर समेत दरभाउपत्र भित्र राखि शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
- आफुले कबोल गरेको रकम एकमुष्ठ रुपमा जम्मा गरेपछि मात्र ठेक्का सम्झौता अगाडी बढाईनेछ अन्यथा धरौटी जफत गरी सदरस्याहा गरिनेछ ।
- उपलब्ध गराईएको दरभाउपत्रमा आफुले जुन पोखरीमा ठेक्का हाल्नुपर्ने हो सोको विवरण खामको बाहिर उल्लेख गर्नुपर्नेछ वा दरभाउपत्रमा जुन सिरियल नम्वरमा छ सोही अङ्क उल्लेख गर्नुपर्नेछ ।
- मिति २०८०।०५।१८ गते सम्म दरभाउपत्र खरिद गर्न सकिनेछ । यदि विदा परेमा अर्को दिन समेत खरिद गर्न सकिनेछ ।
- दरभाउपत्र मिति २०८०।०५।१९ गते १२ बजे भित्र दर्ता गरिसक्नुपर्नेछ अन्यथा फाराम बुझिने छैन । यदि सार्वजनिक विदा परेमा अर्को दिन समेत १२ बजे भित्र दर्ता गर्न सकिनेछ । सोही दिन दिउसो २ बजे दरभाउपत्र खोलिनेछ ।
- विस्तृत जानकारीका लागि यस नगरपालिकामा आई सम्पर्क गर्न सकिनेछ ।
- यसमा उल्लेख भएका कुराहरु यसै अन्तर्गत र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन अनुसार हुनेछन ।
- ठेक्का सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस नगरपालिकाको हुनेछ ।
- विस्तृत सूचना कार्यालयको वेभसाईट www.lumbinisanskritik.gov.np मा हेर्न सकिनेछ ।

## Agriculture Knowledge Center
Lalitpur, akclalitpur@gmail.com, 01-5434616

### Letter Of Intent To Award The Contract Notice

Date of Publication : 12 Bhadra, 2080

Pursuant to sub rule no.-27(2) & 27(3) of Public Procurement Act-2063, it is notified to all concerned that, it is our intention to award the contract for the execution of following work.

| S. N. | Description of Work and IFB No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (Without VAT & PS) |
|---|---|---|---|
| 1. | AKC/LALITPUR/WORKS/ SQ/01/080/081-Finishing Works of Training Hall | Rosa Consultant and Construction | 1,203,606.00 |

## सिभिल क्यापिटल मार्केट लिमिटेडको विशेष साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१२)

यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०५/११ मा बसेको १७० औं संचालक समितिको बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा कम्पनीको विशेष साधारणसभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान:**

**मिति** : वि.सं.२०८० साल भाद्र २७ गते (तदनुसार १३ सेप्टेम्बर, २०२३) बुधबार ।
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : कम्पनीको रजिष्टार्ड कार्यालय, सिटिसी मल, सुन्धारा, काठमाण्डौं ।

**छलफलका विषयहरू :**

**क) विशेष प्रस्तावहरु :**

१. सिभिल क्यापिटल मार्केट लिमिटेडलाई हिमालयन क्यापिटल लिमिटेडले गाभ्ने/प्राप्ति गर्ने सम्बन्धमा सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्याङ्कनकर्ता (DDA Valuator) G.& G. Associates, Chartered Accountants बाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका प्राप्ति गर्ने सम्बन्धमा सम्पन्न भईसकेका सम्पूर्ण कार्यहरुलाई पारित/अनुमोदन गर्ने ।
२. सिभिल क्यापिटल मार्केट लिमिटेडलाई हिमालयन क्यापिटल लिमिटेडले प्राप्ति गर्ने प्रयोजनको लागि नियुक्त मुल्याङ्कनकर्ता G. & G. Associates, Chartered Accountants बाट प्राप्त सम्पत्ति, दायित्व तथा कारोवारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको आधारमा सञ्चालक समितिबाट अनुमोदन शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १००:३१ को आधारमा हिमालयन क्यापिटल लिमिटेडले प्राप्ति गर्ने ।
३. सिभिल क्यापिटल मार्केट लिमिटेडलाई हिमालयन क्यापिटल लिमिटेडले प्राप्ति गर्ने प्रक्रियामा नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी तथा सम्बद्ध अन्य निकायहरुबाट कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
४. विविध ।

**विशेष साधारणसभा सम्बन्धी अन्य जानकारी**

१. सभामा भाग लिने शेयरधनी वा प्रतिनिधि महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ ।
२. सभा सम्बन्धी अन्य कुनै जानकारीको लागि कम्पनीको रजिष्टार्ड कार्यालय, सिटिसी मल, सुन्धारा, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

Estd. 2008
Civil Capital Market Ltd.

सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.
6th Floor, CTC Mall, Sundhara, Kathmandu
Tel: 01-5362303/5361251
Email:ccm@civilcapital.com.np
Website: www.civilcapitalmarket.com

A subsidary of:
HBL Himalayan Bank Ltd.